# लुम्बिनी विकास कोष

## आ.व. २०७६/०७७ को बार्षिक समिक्षा

मन्त्रालयस्तरीय विकास समस्या समाधान समिति बैठक
१६ साउन २०७७

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय

LUMBINI DEVELOPMENT TRUST-1985
NEPAL
लुम्बिनी विकास कोष-२०४२

Lumbini: The Birthplace of Lord Buddha
inscribed on the World Heritage List in 1997

ज्ञानिन राई
का.मु. सदस्य सचिव

# १. आयोजनाको संक्षिप्त जानकारी

## परिचय

भगवान बुद्धको पवित्र जन्मस्थल लुम्बिनीको विकास गर्ने लक्ष्य र आदर्शलाई बढी प्रभावकारी बनाउने नेपाल सरकारको कटिबद्धतालाई विश्व जनसमक्ष प्रस्तुत गर्न र सो अनुरुप लुम्बिनी विकास योजनालाई बढी समन्वयात्मक र सुचारुरुपले संचालन गर्न तथा बुद्धको जीवनसँग प्रत्यक्ष वा परोक्षरुपमा सम्बन्ध रहन गएका तिलौराकोट (प्राचीन कपिलवस्तु), गोटीहवा, निग्लीहवा, सगरहवा, सिसनियाकोट, कुदान (कपिलवस्तु), देवदह (रुपन्देही), रामग्राम (नवलपरासी) पुरातात्विक क्षेत्रको अन्वेषण, उत्खनन्, संरक्षण तथा विकास गर्न लुम्बिनी विकास कोष ऐन, २०४२ द्वारा लुम्बिनी विकास कोष गठन भएको हो ।

# लुम्बिनी विकास क्षेत्र



**२. आ.व. २०७६/७७ को स्वीकृत वार्षिक बजेट :**

रु. १ अर्व (७५ करोड आन्तरिक नेपाल सरकार, २५ करोड बैदेशिक सहयोग)

**तेस्रो चौमासिक अवधिसम्मको निकासा :** ७५ करोड

(पूँजीगत : ७१ करोड ९० लाख, चालु : ३ करोड १० लाख)

**तेस्रो चौमासिक अवधिसम्मको खर्च :** ७० करोड ९० लाख ५७ हजार ८२६ रुपैया

(पूँजीगत खर्च रु. ६९५०४११०७, चालु खर्च रु. १४०१६७१९

वित्तिय प्रगति प्रतिशत रु. ९४.६१ प्रतिशत

भौतिक प्रगति प्रतिशत : ९५ प्रतिशत

**३. बेरुजु प्रगति :**

आ.ब. २०७६/७७ मा फछ्र्यौट गर्नुपर्ने अंक रु. ३८ करोड ७० लाख ७१ हजार, बेरुजु प्रगति प्रतिशत : ५६

# आयोजनाको हालसम्मको प्रगति

| आयोजनाको कूल बजेट (करोडमा) | हालसम्मको समष्टिगत भौतिक प्रगति (प्रतिशतमा) | हालसम्मको समष्टिगत वित्तिय प्रगति | आ.ब. ०७६/७७ को कूल बजेट (करोडमा) | कैफियत |
|---|---|---|---|---|
| ७५० | ७८ | ७२.८० | ७५ | |

## ४. समग्र गुरुयोजनाको आ.ब. २०७६/०७७ को तेश्रो चौमासिक अवधिसम्म सम्पन्न भएका मुख्य मुख्य कार्यहरु तथा उपलब्धीहरु

लुम्बिनी गुरुयोजनाका मुख्य क्रियाकलापमध्ये पवित्र उद्यानका ४ वटा गोलाई पोखरी, ४२ वटा प्लट निर्माण गरी केहीमा बगैंचा निर्माण, केन्द्रीय नहर, वाटर टावर र वाटर सप्लाई सिष्टम, केही क्यानल तथा पोखरीहरु, ३ जोडी सिम्बोलिक पेभिलियन, केन्द्रीय नहरको दुवैतर्फ दुवो सहितको बगैंचा, सांस्कृतिक क्षेत्रमा संग्रहालय तथा पुस्तकालयका भवनहरु २ वटा, कोष कार्यालय भवन, पर्यटक सूचना केन्द्र, विभिन्न पहुँच मार्गहरु कालोपत्रे तथा ट्रयाक खोल्ने कार्य, पुर्वी र पश्चिमी विहार क्षेत्र, होटलहरु लगायतका निर्माण कार्यहरु सम्पन्न भएका छन।

समग्र गुरुयोजना क्षेत्र भित्र व्यवस्थित विजुली वितरण प्रणाली, संचार अन्तर्गत समग्र गुरुयोजना क्षेत्रभित्र अप्टिकल फाइवर भूमिगत विच्छ्याउने कार्य, डाटा सेन्टर, करिव १७५थान सिसिटिभि क्यामरा जडान, गुरुयोजनाका ३ वटा विभिन्न स्थानमा ठूला डिस्प्ले स्क्रिन लगायत आइटी सम्बन्धी आधुनिक प्रविधिको विकास गरिएको छ भने बर्तमान लुम्बिनी संग्रहालयलाई विश्वको उत्कृट बौद्ध संग्रहालयको रुपमा विकास गर्नका लागि वाटर प्रुफिङको कार्य भई रहेको, ५००० जना अट्ने क्षमता भएको अन्तर्राष्ट्रियस्तरको बौद्ध सम्मेलन तथा ध्यान केन्द्रको निर्माण कार्य ९० प्रतिशत सम्पन्न भएको छ ।

# आ.ब. २०७६/७७ को नेपाल सरकारको वार्षिक नीति कार्यक्रमको र बजेट बक्तव्यको कार्यान्वयन कार्ययोजनाको प्रगति :

| नीति तथा बजेटको व्यवहोरा | क्रियाकलाप | समयावधि | प्रगति (दोस्रो चौमासिक अवधिसम्मको) | जिम्मेवारी |
|---|---|---|---|---|
| बृहत्त लुम्बिनी एकिकृत विकास गुरुयोजना तर्जुमा गरिने छ (बजेट २२६) | क्रियाकलाप १: लुम्बिनी क्षेत्रको बृहत्तर गुरुयोजना तयार गरी विकास र प्रबद्र्धन गर्ने | | | सदस्य सचिव |
| | माइलस्टोन १ –अवधारणापत्र तयार गर्ने । | २०७६ कार्तिक | अवधारणापत्र तयार भैसेकेको | |
| | माइलस्टोन २ –बृहत्त गुरुयोजनाको RFP जारी गर्ने | २०७६ माघ | रामग्राम क्षेत्रको गुरुयोजना निर्माण कार्य सम्पन्न भएको साथै कपिलवस्तु जिल्लामा रहेका पुरातात्विक क्षेत्रहरुको अवधारणा योजना तयार भएको, तिलौराकोट लगायत अन्य ६ वटा क्षेत्रहरुको विस्तृत गुरुयोजना बनाउनका लागि छलफल भई रहेको । | |
| | माइलस्टोन ३ –हाल कार्यान्वयनमा रहेको गुरुयोजना बमोजिमको कार्य जारी राखे । | | | |
| | (क) ५००० जना अट्ने हल निर्माण सम्पन्न गर्ने । | २०७६ फाल्गुण | सम्झौता अनुसार ९० प्रतिशत कार्य सम्पन्न भएको, बाँकी कार्य चालु रहेको। | |
| | (ख) गौतमबुद्ध फलफूल वाटिका निर्माण सम्पन्न गर्ने । | | नेपाली सेनाको सहयोगमा ५ हजार फलफूलको विरुवाहरु वृक्षारोपण गर्ने कार्य सम्पन्न भएको । गौतम बुद्ध फलफूल बाटिका निर्माण कार्यको बोलपत्र आव्हान भई निर्माण व्यवसायीको छनौट भई सम्झौताको चरणमा रहेको । | |

## ३. कार्यक्रम तथा आयोजनाहरुको संख्यात्मक विवरण

८० % भन्दा माथि ९ वटा,

५० % देखि ८० % सम्म ६ वटा

५० % भन्दा कम ४ वटा

## ४ . कार्यक्रम तथा आयोजनाहरुको प्रगति कम हुनुका कारणहरु र समस्या समाधानका लागि भएका प्रयासहरु


प्रगति कम हुनुका कारणहरु

समस्या समाधानका लागि भएका प्रयासहरु

२०७१ सालमा स्थायी पदपूर्ति गर्न विज्ञापन भएकोमा विभिन्न निकायमा परेका उजुरीका कारण स्थगित भएको, हाल नेपालको संविधान अनुसार कोषको पदपूर्ति समेत लोक सेवा आयोगको क्षेत्राधिकार भएकोले विनियमावली संशोधन भई मन्त्रालय मार्फत लोक सेवा आयोगमा सहमतिको लागि पेश भएको, मन्त्रालयद्धारा गठित कार्यदलद्वारा संगठन तथा व्यवस्थापन संरचना कोष परिषद्बाट स्वीकृतभई नेपाल सरकारको स्वीकृतिका लागि श्री संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयमा पठाईएको ।

# “लुम्बिनी, नेपालः भगवान बुद्धको जन्मस्थल, बौद्ध धर्मको उद्गम भूमी तथा विश्व शान्तिको मुहान”




KEEP LUMBINI/
CLEAN

“लुम्बिनी, नेपालः भगवान बुद्धको जन्मस्थल, बौद्ध धर्मको उद्गम भूमी तथा विश्व शान्तिको मुहान”







“लुम्बिनी, नेपालः भगवान बुद्धको जन्मस्थल, बौद्ध धर्मको उद्गम भूमी तथा विश्व शान्तिको मुहान”





“लुम्बिनी, नेपालः भगवान बुद्धको जन्मस्थल, बौद्ध धर्मको उद्गम भूमी तथा विश्व शान्तिको मुहान”



“लुम्बिनी, नेपालः भगवान बुद्धको जन्मस्थल, बौद्ध धर्मको उद्गम भूमी तथा विश्व शान्तिको मुहान”



अन्तमा,

लुम्बिनी विकास गुरुयोजना सम्पन्न गरि अन्तर्राष्ट्रिय पर्यटकिय तीर्थस्थलका रुपमा स्थापित गरि सक्नु पर्नेमा वर्तमान व्यवस्थापन स्थानीयस्तरको झिना मसिना तर नकार्न र वेवास्ता गर्न नसकिने समस्याहरुमा अल्झिनु पर्ने स्थिति छ। जसले गर्दा राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा सम्बन्ध विस्तार गरि बृहत्तर लुम्बिनी विकासको लागि सहयोग जुटाउनु पर्ने महत्वपूर्ण जिम्मेवारीका साथ गुणस्तरिय र नतिजामुलक कामहरु गर्न सकेको अवस्था छैन। तसर्थ लुम्बिनी विकासका लागि आन्तरिक व्यवस्थापनलाई समयानुकूल, चुस्त र दुरुस्त बनाउन असल र राम्रा संकल्पहरु पुरा गर्ने अठोटका साथ प्रतिबद्ध भई अगाडि बढ्नु पर्ने खांचो रहेको स्पष्ट छ ।


हार्दिक धन्यवाद !